२०७५ को ऐन सङ्ख्याः २

# रुपनी गाउँपालिकाको विनियोजन ऐन, २०७५

गाउँ सभाबाट पारित मितिः २०७५\०६\२६

**रुपनी गाउँपालिका**

सप्तरी, नेपाल

२०७५

# उद्देश्य र कारण

रुपनी गाउँपालिकामा अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायबाट प्राप्त अनुदानको रकम, आन्तरिक आम्दानी तथा सञ्चित कोषमा रहेको रकमलाई गाउँकार्यपालिका तथा विषयगत कार्यालयहरुका साथै सम्पूर्ण विषयक्षेत्रमा न्यायोचित वितरण गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

प्रस्तुत विधेयकको व्यवस्थाले अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत प्राप्त अनुदानको रकम, राजस्व परिचालनबाट प्राप्तआय, राजस्व बाँडफाँडबाट प्राप्त रकमका साथै सञ्चित कोषमा रहेको रकमलाई रुपनी गाउँपालिकाका सबै वडा तथा क्षेत्रमा न्यायोचित ढंगले वितरण गरी समग्र रुपनीको सन्तुलित विकासको माध्यमबाट रुपनीबासीको जीवनस्तरमा सुधार ल्याउने प्रयत्न गरिएको छ।

**(बेचनीकुमारी सरदार)**

**उपाध्यक्ष,**

**रुपनी गाउँपालिका**

**रुपनी गाउँपालिकाको विनियोजन ऐन, २०७५**

रुपनी गाउँपालिकाको आर्थिक बर्ष २०७५\०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः२०७५\ ०६ \ २६

**प्रस्तावनाः** रुपनी गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम रुपनी गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "रुपनी गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक बर्ष २०७५\०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७५\०७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २६,८६,८५,०००/- (अक्षेरुपी छब्बीस करोड छयासी लाख पचासी हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५\०७६ को निमित्त रुपनी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम

सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत रुपनी भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची–१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.स. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु तथा पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | १ | समानीकरण अनुदान | ९,२८,२०,००० | नेपाल सरकार | ९,२८,२०,००० |
| २ | १ | सशर्त अनुदान | ८,५०,००,००० | नेपाल सरकार | ८,५०,००,००० |
| ३ | १ | राजस्व वाँडफाँड | ५,९०,९२,००० | नेपाल सरकार | ५,९०,९२,००० |
| ४ | १ | गत वर्षको मौज्दात | १,८७,००,००० | नेपाल सरकार | १,८७,००,००० |
| ५ | १ | आन्तरिक श्रोत | ८,००,००० | रुपनी गाउँपालिका | ८,००,००० |
| ६ | १ | प्रादेशिक समानीकरण अनुदान | २७,०५,००० | प्रादेशिक सरकार | २७,०५,००० |
| ७ | १ | सशर्त अनुदान | ५०,००,००० | प्रादेशिक सरकार | ५०,००,००० |
| ८ | १ | प्रादेशिक राजस्व बाँडफाँड | २२,१७,००० | प्रादेशिक सरकार | २२,१७,००० |
| ९ | १ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १३,५१,००० | नेपाल सरकार र युनिसेफ | १३,५१,००० |
| १० | १ | खानेपानी तथा सरसफाई | १०,००,००० | युनिसेफ | १०,००,००० |
| | | | | जम्मा | २६,८६,८५,०००/- |